नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दुनै, डोल्पा

बैठक संख्या:- २
मिति:- २०८०/०८/१०

आज मिति २०८० साल मंसिर महिनाको १० गते आईतवारका दिन प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री तुलसी प्रसाद दाहालज्यूको अध्यक्षतामा जिल्ला समन्वय समितिका उप-प्रमुख श्री तेजेन्द्र बहादुर बुढाको प्रमुख आतिथ्यतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी देहायका निर्णयहरु गरियो ।

**बिशेष उपस्थिति**

| सि.नं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री तेजेन्द्र बहादुर बुढा | उप-प्रमुख | जिल्ला समन्वय समिति,डोल्पा | |
| २ | श्री दत्त बहादुर शाही | अध्यक्ष | मुड्केचुला गाउँपालिका,डोल्पा | |
| ३ | श्री कार्मा छोईवेल गुरुङ | अध्यक्ष | डोल्पोबुद्ध गाउँपालिका | |

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १ | प्र.जि.अ. श्री तुलसी प्रसाद दाहाल | अध्यक्ष | जिल्ला प्रशासन कार्यालय,डोल्पा | |
| २ | प्र.ना.उ. श्री शिव कुमार बढाथोकी | सदस्य | जिल्ला प्रहरी कर्यालय,डोल्पा | |
| ३ | स.प्र.ना.उ. श्री लिला बहादुर कार्की | सदस्य | सशस्त्र प्रहरी बल नेपाल नं. ४६ गुल्म | |
| ४ | प्र.अ.अ. श्री मेघराज कडेल | सदस्य | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,डोल्पा | |
| ५ | सह-सेनानी श्री सुवास थापा | सदस्य | रामवाण गुल्म, सुलिगाड | |
| ६ | का.प्र. श्री रत्नविर सुनार | सदस्य | जिल्ला स्वास्थ्य कार्यालय,डोल्पा | |
| ७ | सचिव श्री लंक बहादुर रोकाया | सदस्य | नेकपा एमाले | |
| ८ | सचिव श्री युवराज हिराचन | सदस्य | नेकपा एकिकृत समाजवादी | |
| ९ | अध्यक्ष श्री लालिमान बुढा | सदस्य | उद्योग वाणिज्य संघ | |
| १० | का.प्र. श्री नविन थापा | सदस्य | पुर्वाधार विकास कार्यालय | |
| ११ | का.प्र. श्री प्रकाश गिरी | सदस्य | खानेपानी, सिँचाई तथा उर्जा विकास कार्यालय | |
| १२ | का.प्र.श्री धन बहादुर शाही | सदस्य | सामाजिक विकास कार्यालय | |
| १३ | उप-सभापती श्री दिलु के.सी. | सदस्य | नेपाल रेडक्रस सोसाईटी,डोल्पा | |
| १४ | प्रतिनिधी श्री सुनिल बुढा | सदस्य | गैर सरकारी संस्था महासंघ,डोल्पा | |
| १५ | अध्यक्ष श्री सरोज थापा | सदस्य | नेपाल पत्रकार महासंघ,डोल्पा | |
| १६ | स.प्र.जि.अ. श्री दामोदर ज्ञवाली | सदस्य सचिव | जिल्ला प्रशासन कार्यालय,डोल्पा | |
| १७. | अध्यक्ष श्री भवलप्र. भण्डारी | | ठुली भेरी नगरपालिका,३ नं.वडा कार्यालय | |

निर्णयहरु

१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप विपद्का घटनाको सामना गर्न आवश्यक पूर्वतयारी र प्रतिकार्यका लागि सबै स्थानीय तह र सरोकारवाला निकायले आआफ्नो तयारी गर्ने ।

२. जाडो मौसम नजिकिँदै गएको हालको अवस्थामा सम्भाव्य हिमपात र चिसोको जोखिम न्यूनीकरणका लागि पूर्वतयारी गर्न हिमपातबाट प्रभावित हुने क्षेत्र चिसो (Hypothermia) बाट बच्ने उपायका बारेमा स्वास्थ्य कार्यालयले स्थानीय तहसँग मिलेर सचेतनामूलक कार्यक्रमहरू गर्ने, यसका लागि स्थानीय समुदाय र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गर्ने ।

३. ग्याँसको बढ्दो प्रयोग र विद्युतीकरण विस्तार भएको एवं बनमा आगलागीको जोखिम समेत रहेको सन्दर्भमा आग्निजन्य वस्तुको प्रयोग र व्यवस्थापन सम्बन्धमा स्थानीय तहले स्थानीय समुदाय, आमा समूह, स्थानीय क्लब र सामुदायिक बन उपभोक्ता समितिलाई बन कार्यालयले सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

४. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट निर्धारित वडास्तरमा हुनुपर्ने सामग्रीको सूची अनुरुपको न्यूनतम खोज तथा उद्धार सामग्रीको व्यवस्थापन सबै स्थानीय तहले गर्ने ।

५. विपद् व्यवस्थापन, अग्नि नियन्त्रण र प्राथमिक उपचार सम्बन्धी तालिम सबै स्थानीय तहमा जिल्ला प्रशासन कार्यालयको समन्वय र सुरक्षा निकायहरूको सहजीकरणमा जनप्रतिनिधि, स्थानीय समुदाय/स्वयंसेवक, जोखिमयुक्त वस्ती, आमा समूह, स्थानीय क्लब, उपभोक्ता समूहलाई लक्षित गरी स्थानीय तह र सुरक्षा निकायसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालयले तयार गरेको ढाँचामा दुई दिने तालिम सञ्चालन गर्ने । यसको लागि लाग्ने लागत सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्ने ।

६. विद्यमान जोखिमको सामना गर्न यस जिल्लामा विपद् पूर्वतयारीका लागि भण्डारण केन्द्र नभएकोले आपतकालीन भण्डारण केन्द्र जिल्ला प्रशासन कार्यालयमा स्थापना गर्ने र हालका लागि कम्तिमा ५०० परिवारलाई पुग्ने गरी ५०० त्रिपाल, ५०० कम्बल, ५०० स्लिपिङ ब्याग, २ रोल प्लाष्टिक सिट गृह मन्त्रालयसँग माग गर्ने ।

७. जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रको क्षमता बृद्धि गरी नियमित सञ्चार प्रणाली स्थापना र सञ्चालनका लागि आवश्यक आईटीसँग सम्बन्धित सामग्री, अग्नि नियन्त्रण र खोज तथा उद्धार सामग्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग माग गर्ने ।

८. माथिका बूँदा नं ६ र ७ मा उल्लेखित सामग्री प्राप्त गर्न आवश्यक ढुवानीमा सहयोग गर्न यस अघिको बैठकबाट भएको निर्णय बमोजिम सामग्री ढुवानीमा स्थानीय तहहरूले सहयोग गर्ने ।

९. डोल्पा जिल्लाको भेरी नदीले ल्याउने विपद्जन्य जोखिमको पूर्व सूचना तथा तयारीको कार्यमा सहजताको लागि राज रिडर मेसिन नदीमा जडान गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

१०. भेरी नदीमा तत्कालिन पूर्व सूचना तथा तयारीको लागि अल्पकालिन व्यवस्था खानेपानी सिँचाई तथा उर्जा विकास कार्यालयले गर्ने ।

२०८०।०८।१०